जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि परवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १५३ • २०८१ चैत्र १२ गते मंगलवार • 25 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## संसद्को शिक्षा समितिमा विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफल




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**

संसद्को शिक्षा समितिमा विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफल भएको छ । समितिले विधेयकमा सहमति जुटाउन भन्दै उपसमिति गठन गरेको छ। गत शुक्रबार बसेको समिति बैठकले एमाले सांसद छविलाल विश्वकर्माको अध्यक्षतामा ११ सदस्यीय उपसमिति गठन गरेको थियो। उपसमितिलाई ३५ दिनको समय दिइएको छ।

३५ दिनभित्र विधेयकमा देखिएका विवादबारे सरोकारवालासँग आवश्यक छलफल, परामर्श एवं अप्ठ्याराका विषयमा समितिसँग परामर्श गरेर प्रतिवेदन बुझाउन पनि भनिएको छ । अन्य आवश्यक कार्यविधि आवश्यकताअनुसार उपसमितिले आफैले तय गर्ने गरी बैठकले म्यान्डेड दिएको शिक्षा समिति सचिव दशरथ धमलाले बताए । उपसमितिमा दुई पूर्वशिक्षामन्त्रीहरू देवेन्द्र पौडेल र सुमना श्रेष्ठसँगै समितिका सदस्यहरू सरिता भुसाल, रेखा शर्मा, डिगबहादुर लिम्बू, महेन्द्र कुमार राय, राम प्रसाद चौधरी, बिना जैसवाल र विनिता कुमारी सिंह सदस्य छन् । बाँकी एक जना सदस्य समितिमा प्रतिनिधित्व गर्ने दलहरूसँगको परामर्शमा समितिमा रहेके सदस्यबाटै अध्यक्षले मनोनित गर्नेछन् । २०८० भदौ २७ गते तत्कालीन शिक्षा मन्त्री अशोककुमार राईले यो विधेयक प्रतिनिधिसभामा पेस गरेका थिए। प्रतिनिधि सभाले दफावार छलफल गर्न २०८० को असोज २५ गते संसदीय समितिमा पठाएको थियो। समितिमा पेस भएको १८ महिना बितिसक्दा पनि विधेयक भने टुंगो लाग्न सकेको छैन। यसैबिच समितिले सरोकारवाला, संशोधनकर्ता सांसदलगायतसँग छलफल गरेको हो । त्यस्तै प्रदेशस्तरबाट राय सुझावसहित प्रदेशस्तरीय छलफल सकिएको छ। समितिले यति लामो समय हुँदा पनि विधेयक टुंगो लगाउन नसकेको हो ।

**आन्दोलनमा शिक्षक**

यता शिक्षकहरू भने ऐन यथाशीघ्र जारी गरर्नुपर्ने माग राख्दै आन्दोलनमा छन् । अधिकार र कर्तव्यका लागि शिक्षक एकता भन्दै नेपाल शिक्षक महासंघले आन्दोलन थालेको हो। शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पाँच दिनदेखि शिक्षकहरू रिले अनशनमा छन्।

नेपाल शिक्षक महासंघ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले इच्छाशक्ति भए १० दिनमा ऐन ल्याउन सकिने बताए। साथै उनले ऐन नआउञ्जेल आन्दोलन जारी राखिने पनि चेतावनी दिए। उनीहरूले थालेको अनशनस्थलमा आज नेपाली कांग्रेस र नेकपा एमालेका मुख्य सचेतक, माओवादी केन्द्रका नेता तथा पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेल पुगेका थिए । उनीहरूले ऐन ल्याउन तीव्रगतिमा काम भइरहेको त्यहाँ बताएका थिए। र, आन्दोलन स्थगित गर्न पनि आग्रह गरेका थिए।

जवाफमा शिक्षकहरूले ऐन जारी नहुँदासम्म आन्दोलन यथावत् रहने अध्यक्ष सुवेदीले बताए। शिक्षा समितिले उपसमितिलाई ३५ दिने लामो समय दिएकाले पर्खिननसक्ने उनले बताए। 'आन्दोलन भएपछि समय पनि आकारमा आउँछ। काम गर्न चाह्यो भने १० दिनभित्र सकिन्छ,' उनले भने, 'जतिसुकै विवाद भए पनि गर्न चाहे १० दिनमा सकिन्छ, निर्णयको अधिकार भएकाले गर्नुपर्छ।'

## जनकपुरधामका विभिन्न होटलको अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ चैत्र**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधामका विभिन्न होटलको अनुगमन गर्नुभएको छ। यहाँका होटलहरूमा अस्वच्छ खाना पाइने गुनासो बढेपछि आइतबार साँझ उहाँको नेतृत्वको अनुगमन टोलीले विभिन्न होटल तथा मिठाइ पसलको निरीक्षण गर्दै मापदण्ड विपरीत रहेका खाद्य सामग्री जफत गरेर नष्ट गरेको छ।

अनुगमन टोलीमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधिहरू सहभागी थिए । अनुगमन टोलीले होटल जानकी भ्यू, हंसराज स्विट, लक्ष्मी मिष्ठान्न भण्डार र रघुपति मिष्ठान्न भण्डारको निरीक्षण गरेको थियो।

मुख्यमन्त्री सिंहले अनुगमन अभियानलाई निरन्तरता दिने बताउँदै उपभोक्ताको स्वास्थ्य र अधिकारको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाले होटल तथा मिठाइ पसलहरूलाई सफा र मापदण्ड अनुरूप खाना उत्पादन तथा वितरण गर्न निर्देशन दिनुभयो । म्याद गुज्रिएको सामग्री जफत र नष्टः यसैगरी, अनुगमन टोलीले विभिन्न होटल र मिठाइ पसलहरूबाट स्वास्थ्य जोखिमयुक्त सामग्रीहरू जफत गरी नष्ट गरेको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## नागरिकले विकासको अनुभूति गर्न नसकेको : मन्त्री भण्डारी



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ चैत्र**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत सिंह भण्डारीले भौतिक पूर्वाधार विकासलाई उद्यम, उत्पादन र रोजगारीसँग जोड्न नसक्दा नागरिकले विकासको अनुभूति गर्न नसकेको बताएका छन् । 'घरघरमा सडक, पानी, बिजुली पुगे पनि नागरिक सन्तुष्ट छैनन्,' भण्डारीले भने, 'मुलुकमा नैराश्यताको वातावरण बनेको छ। गलत भाष्य निर्माण भएको छ। नैराश्यता र गलत भाष्य चिर्न पूर्वाधारमा आधारित उद्यमशीलता र रोजगारीका अवसर ल्याउनु पर्छ। विदेशबाट फर्केर आएका जनशक्तिको सीप र जागरलाई सदुपयोग गरी विकासको अनुभूति गराउनु पर्ने समय आएको छ।'

महोत्तरीको बर्दिबास नगरपालिकाले सोमबार आयोजना गरेको '१ हजार दिनको उपलब्धि' सार्वजनिक कार्यक्रममा मन्त्री भण्डारीले बर्दिबास नगरपालिकाले भविष्यमा आफ्नो स्वरूप कता लैजाने भन्ने विषयमा अहिले नै छलफल गर्नु पर्ने बताए। 'छिमेकी भारत र चीन जोड्ने मेगा प्रोजेक्ट अन्तर्गत भिट्ठामोड-बर्दिबास-खुर्कोट हुँदै चीनसम्म जोडिने सडक बर्दिबास भएर जानेछ। पूर्व-पश्चिम विद्युतीय रेलको जक्सन पनि बर्दिबास नै हो,' भण्डारीले भने, 'दुई देशलाई जोड्ने सडक बर्दिबासबाटै जोडिँदै छ। हामीसँग दुई छिमेकीलाई एक-अर्कासँग लडाउने समय छैन। हामी मित्र हौं। दुई देशलाई जोडेर विकासतर्फ अघि बढ्ने सोचका साथ अघि बढ्ने समय आएको छ।'

सरकारले आगामी दशकलाई 'रोजगारीको दशक' का रूपमा मनाउन लागेको भण्डारीले बताए । 'बर्सेनि अर्बौं बजेट तालिममा खर्च भए पनि उपलब्धि देखिएको छैन। त्यसैले तालिम र प्रशिक्षणमा एकरूपता ल्याएर रोजगारदाताको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न सरकार प्रतिबद्ध छ,' भण्डारीले भने, 'मुलुकमै रोजगारीका अवसर हुँदा-हुँदै पनि हुनर र सीप नजिक्दा नेपालीहरू विदेशमा दुःख पाइरहेका छन्।'

सहकारीका गतिविधिबारे सचेत बनौं
- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरुसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक संचालक समितिमा नवसौं,
- संचालकहरुलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको संचालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं ।

सहकारी मूल्यमान्यताको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## आवश्यकताका लागि राज्य संरचनाको परिकल्पना

*सरकार कसका निम्ति ? यो संसारभर विमर्श भइरहेकै प्रश्न हो । राजनीतिक प्रणालीको विकासक्रमले यो प्रश्नको जवाफ दिँदै आएको हुन्छ । कुनै पनि सरकार त्यस मुलुकका सम्पूर्ण नागरिकको प्रतिनिधित्व हो, हुनु पर्छ । व्यवहारमा सबै सरकार नागरिकको आर्थिक, सामाजिक र राजनीतिक हकहितका निम्ति प्रतिबद्ध हुन सकिरहेका हुँदैन । कतिपय सरकारले चाहेर पनि जनताका चाहना सम्बोधन गर्न सकेका हुँदैनन् भने कतिपय सरकार त्यसतर्फ संवदेनशील हुन नसक्दा असन्तोष भोग्नुपर्ने हुन्छ । सामान्यतया उदार लोकतन्त्रमा सरकार जनताप्रति उत्तरदायी हुनैपर्ने प्रणाली अन्तरनिहित हुन्छ ।*

*जनताप्रति उत्तरदायी हुन लोकतान्त्रिक प्रणालीले अवलम्बन गर्ने आर्थिक नीति विधि उदार अर्थतन्त्रका आयामसित आबद्ध भए त्यसले समृद्धिको मार्ग प्रशस्त गरेको पाइन्छ । लोकतान्त्रिक पद्धति नभएका कतिपय मुलुकका अर्थ आयाम लाइसेन्स पद्धतिमा आधारित र नियन्त्रित देखिन्छन् । सत्ताको कठोर नियन्त्रणमा सीमित वर्ग र आसेपासेलाई उद्यमधन्दा तथा व्यवसायमा आबद्ध गराइन्छ । अनेक आवरणको त्यस्तो अर्थतन्त्र आमनागरिकको हितमा संवेदनशील हुँदैन ।*

*नेपालमै पनि १०४ वर्षको राणाशाही अनि ३० वर्षको पञ्चायती व्यवस्था लाइसेन्सराजमा आधारित अर्थप्रणाली थियो । नेपाली अर्थव्यवस्थालाई लामो समय बन्धक बनायो । छयालीस सालको राजनीतिक परिवर्तनपछि नेपालले औपचारिक तवरमै खुला, उदार र बजारमुखी अर्थतन्त्र अवलम्बन गरेको विगतसम्म पुग्नैपर्ने हुन्छ । राज्यका तमाम संरचना जनताको करमा अडेका हुन्छन् । त्यो करको बोझको बोध नागरिकमा हुनुहुँदैन । नागरिकलाई मेरो बोझका निम्ति होइन, मेरो र समाजको आवश्यकताका निम्ति राज्य संरचना हुन भन्ने बोध हुन सक्नुपर्ने छ ।*

## यसवर्ष आँपका लागि अफइयर तर अफइयरको प्रभाव पुराना बोटमा मात्र देखिए



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ चैत्र**

अधिकांश फलफूल एक वर्ष फलेपछि अर्को वर्ष कम फल्छ। कतिपय बोटमा त फूल नै फुल्दैन। यसरी एकवर्ष फलेर अर्को वर्ष नफल्ने यामलाई अङ्ग्रेजीमा 'अफइयर' भनिन्छ । यसवर्ष आँपका लागि अफइयर हो।

तर अफइयरको प्रभाव पुराना बोटमा मात्र देखिएको छ। पाँच/छ वर्षका आँपका रुख मज्जाले फुलेका छन्। भङ्गाहा-४ रामनगरकी शान्तिदेवी साहका बारीमा आँप फुलेर बोटै ढाकेका छन्। बगैँचाका पुराना रुखमा फूल नफुले पनि नयाँ बोटमा पातै नदेखिने गरी फूल फुलेपछि साह आँप फल्ने आशामा छिन्। 'यसवर्ष वरपर आँप खासै फूलेका छैनन् तर हाम्रोमा त फूलले पातै देखिँदैन', साहले भनिन्न्, 'यो फूल २५ प्रतिशत मात्र टिक्यो भने पनि नयाँ रुखले फल थेग्न सक्दैन ।' साहले भने जस्तै जिल्लाका सबै भेगमा यसवर्ष पुराना बोटमा फुल कम फुलेको छ । जिल्लाको गौशाला, बर्दिवास, मटिहानी, पिपरा र मनराशिशवा सहितका स्थानीय तह आँप उत्पादनका उर्वर क्षेत्र मानिन्छन्। सबैतिर पुराना रुखमा अफइयरको असर देखिए पनि नयाँ रुखमा फूल फुलेको गौशाला-१० का अरुण कुशवाहाले बताए। 'पुराना रुखमा त कमै फूल फुलेको छ, तर नयाँ रुखमा मज्जाले फुलेको छ', उनले भने । यसवर्ष आँपलाई प्रतिकूल मौसम रहेको किसान बताउँछन्। पानी नपरी हिउँदयाम बित्नु सबैभन्दा ठूलो समस्या छ। गतवर्ष राम्रो फलेको आँप यसवर्ष कम फुलेको फलफूल विज्ञ बताउँछन् । 'यो सामान्यतया अरु फलमा पनि हुन्छ, आँप, लिचीसहितका फलमा बढी देखिन्छ', बागबानी विज्ञका रुपमा काम गरी सरकारी सेवाबाट निवृत्त भएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्छन्- 'खासगरी स्थानीय जातका पुराना रुखमा यो असर हुन्छ।' अफइयर सामान्यतया तेस्रो वर्षमा हुने उनको भनाइ छ। यसअघिका दुई वर्ष आँप निकै फलेका थिए । यो वर्ष पनि आँपका बोट मज्जाले फूल फुलेपछि बर्दिवास-९ पशुपतिनगरका किसान रामविनोद महतोलाई सन्तोष मिलेको छ। अब चैत/वैशाखको असिना र हुरीवतासमा जोगिए आँपबाट राम्रो कमाइ हुने महतोको आशा छ।

## खेलकूद कर्मचारी संघको वार्षिक साधारणसभा सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ चैत्र**

खेलकूद कर्मचारी संघ मधेश प्रदेशको प्रथम वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ। मधेश प्रदेशका खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यमा भएको थियो। प्रथम वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री जयसवालले खेलकूदको विकास गर्न मधेश प्रदेश सरकार प्रतिवद्ध रहेको बताए।

यसका लागि प्रदेश सरकारले खेलकूद सम्बन्धी ऐन पारित गरिसकेकाले खेलकूदको विकासमा तीव्र गतिमा अगाडि बढ्ने जानकारी दिए। साधारणसभामा संघको कामकाज र आर्थिक गतिविधिबारे प्रकाश पारिएको थियो । मधेश प्रदेश खेलकूद कर्मचारी संघका अध्यक्ष राजेश गुप्ताको अध्यक्षतामा भएको साधारणसभामा राष्ट्रिय खेलकूद परिषद् मधेश प्रदेशका अध्यक्ष मोहम्मद ज्याउल इस्लाम, खेलकूद विज्ञान प्रतिष्ठानका निर्देशक कृष्ण तिमिल्सिना, खेलकूद प्रतिष्ठानका खेल विज्ञ हिरा पन्त, राष्ट्रिय खेलकूद परिषद् खेलकूद कर्मचारी संघका केन्द्रीय सदस्य ब्रम्हदेव यादव, राखेप खेलकूद कर्मचारी संघका पूर्व केन्द्रीय सदस्य दिनेश भुजेल लगायतको उपस्थिति रहेको कर्मचारी संघ मधेश प्रदेशका सचिव अजित मिश्रले जानकारी दिए।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**मटिहानी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


### तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: लामो यात्राको योग छ
मिथुन: खानपानमा समस्या आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: मित्रतामा फाटो आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछुतो आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने


### मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कोरियाका प्रधानमन्त्रीले पाए 'क्लिन चिट', फेरि कार्यवाहक राष्ट्रपति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**

महाभियोग लगाइएका प्रधानमन्त्री हान डक सूलाई दक्षिण कोरियाली अदालतले कार्यवाहक राष्ट्रपतिको रूपमा पुनर्स्थापित गरेको छ। दक्षिण कोरियाको संवैधानिक अदालतले महाभियोग लगाइएका प्रधानमन्त्री हान डक सूलाई कार्यवाहक राष्ट्रपतिको रूपमा पुनर्स्थापित गरेको हो।

जुन राष्ट्रपति युन सुक-योलको महाभियोगबाट सुरु भएको राजनीतिक घटनाक्रमको पछिल्लो अपडेट हो। अदालतका आठ न्यायाधीशहरूले सोमबार हानको महाभियोग खारेज गर्न ७-१ को अन्तरमा मतदान गरेका थिए। लगत्तै उनी देशको सर्वोच्च पदमा पुनर्स्थापित हुन पुगेका छन्। तर न्यायाधीशहरूले डिसेम्बर ३ मा संक्षिप्त रूपमा मार्शल ल लागू गरेपछि आफ्नो कर्तव्यबाट निलम्बित भएका युनको भाग्यलाई छुट्टै विचार गर्नेछन्, उनको बारेमा भने अझै निर्णय हुन सकेको छैन। अदालतका पाँच न्यायाधीशहरूले हान (७५) हानविरुद्ध महाभियोग प्रस्ताव वैध भए पनि महाभियोग लगाउन पर्याप्त आधार नभएको पाएको जनाएका छन्। तर थप दुई जना न्यायाधीशले भने व्यवस्थापिकाको महाभियोग प्रस्तावलाई शुरुदेखि नै वैधानिकता नभएको फैसला सुनाएका थिए। किनभने यसलाई दुई तिहाई बहुमतको सट्टा ३०० सांसदहरूमध्ये १९२ जनाले मात्र समर्थन गरेको अवस्था रहेको थियो। डिसेम्बर १४ मा युनको महाभियोग पछि कार्यवाहक राष्ट्रपति नियुक्त भएका थिए।



# यस्तो छ सलमान अभिनित 'सिकन्दर' को ट्रेलर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**



बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'सिकन्दर'को ट्रेलर सार्वजनिक गरिएको छ। इदको छेको पारेर आगामी आइतबार (३० मार्च) बाट प्रदर्शनमा आउने फिल्मको ट्रेलर एक्सन, लभ, रोमान्स, थ्रिल र कमेडीले भरिएको छ।

साढे तीन मिनेट लामो ट्रेलरमा सलमानलाई गरिबको मसिहाको रुपमा प्रस्तुत गरिएको छ। उनलाई महाराष्ट्र प्रहरीले 'वान्डेड' सूचीमा राखेको पनि देख्न सकिन्छ। ट्रेलरको अन्त्यतिर जब अभिनेत्री रश्मिका मन्दाना सलमानप्रति प्रेमभाव दर्शाउँदै 'शायद फिर इस जनम में मुलाकात हो न हो' गीत गाउँछिन्, त्यसपछि ट्रेलरमा 'इन्टेन्सिटी' बढेको छ। यसबाट के अनुमान लगाउन सकिन्छ भने सलमानको पात्र (सञ्जय राजकोट) आफ्नो लेडी लभमाथि भएको कुनै नराम्रो घटनापछि बदला लिन उत्रिएको छ। 'सिकन्दर' मा सलमानको जोडी रश्मिकासँग बाँधिएको छ भने मुख्य भिलेनमा 'बाहुवली' का 'कटप्पा' अर्थात् सत्यराज छन्। प्रतीक बब्बर, काजल अग्रवाल, अन्जिनी धवन र शरमन जोशीको पनि अभिनय फिल्ममा देख्न सकिन्छ। 'गजनी' निर्देशक एआर मुरुदासले निर्देशन गरेको फिल्म साजिद नाडियाडवालाले निर्माण गरेका हुन्।

'सिकन्दर' ले प्रदर्शन अगावै लगभग ८० प्रतिशत लगानी सुरक्षित गरिसकेको छ। फिल्मले बक्स अफिसमा पनि आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। अमेरिकी डलरको भाउ स्थिर रहेको छ। केन्द्रीय बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३७ रूपैयाँ २६ पैसा र बिक्रीदर १३७ रूपैयाँ ८६ पैसा कायम भएको छ। त्यसैगरी युरोपियन युरो एकको खरिददर १४८ रूपैयाँ ४५ पैसा र बिक्रीदर १४९ रूपैयाँ १० पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७७ रूपैयाँ ३३ पैसा र बिक्रीदर १७८ रूपैयाँ ११ पैसा, स्वीस फ्याङ्क एकको खरिददर १५५ रूपैयाँ ३९ पैसा र बिक्रीदर १५६ रूपैयाँ ०७ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ०८ पैसा र बिक्रीदर ८६ रूपैयाँ ४५, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ६५ पैसा र बिक्रीदर ९६ रूपैयाँ ०७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ ७३ पैसा र बिक्रीदर १०३ रूपैयाँ १८ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रूपैयाँ १९ पैसा र बिक्रीदर नौ रूपैयाँ २३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ९३ पैसा र बिक्रीदर १९ रूपैयाँ ०२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ५९ पैसा र बिक्रीदर ३६ रूपैयाँ ७५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ८२ पैसा कायम भएको छ।केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०७ पैसा र बिक्रीदर चार रूपैयाँ ०८ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रूपैयाँ ५३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ०५ पैसा र बिक्रीदर ३१ रूपैयाँ १८ पैसा निर्धारण भएको छ। त्यसैगरी साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ३८ पैसा र बिक्रीदर नौ रूपैयाँ ४२ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ५३ पैसा र बिक्रीदर १३ रूपैयाँ ५९ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ९० पैसा र बिक्रीदर १९ रूपैयाँ ९९ पैसा तोकिएको छ।

# एसियन कप छनोट : मलेसियाविरुद्ध खेल्न नेपाल तयार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**




सन् २०२७ मा हुने एएफसी एसियन कपको अन्तिम चरणको छनोटमा नेपालले मंगलबार मलेसियाको सामना गर्दैछ। मलेसियाविरुद्धको खेलका लागि नेपाली टोली तयारी अवस्थामा छ।

सोमबार भएको प्रि म्याच कन्फ्रेन्समा नेपालका मुख्य प्रशिक्षक म्याट रोसले मलेसियाविरुद्ध उत्कृष्ट प्रदर्शन गर्ने बताए। समूह एफमा रहेको नेपाल र मलेसियाबीचको खेल इब्राहिम सुल्तान स्टेडियममा नेपाली समय अनुसार राती ७:४५ बजे सुरु हुनेछ। एसियन कपमा पुग्ने अन्तिम चरणको चरणमा दुवै टोलीको लागि यो पहिलो खेल हुनेछ। दुवै टोली सुखद सुरुवात गर्ने लक्ष्यमा छ। गत शुक्रबार सिंगापुर विरुद्ध मैत्रीपूर्ण खेल जितेर नेपाली टोली उत्साहका साथ मलेसिया पुगेको छ र त्यही लयलाई निरन्तरता दिँदै मलेसियाविरुद्ध कडा चुनौती पेश गर्ने लक्ष्यमा छ। प्रशिक्षक रोसले आफूहरू ३ अंककै लागि खेल्ने प्रतिक्रिया दिएका छन्। 'मलेसिया बलियो टिम हो, ड्र सम्म भएपनि सन्तुष्ट हुन सकिन्छ तर हामी ३ अंककै लागि खेल्नेछौं' प्रिम्याच कन्फ्रेन्समा बोल्दै उनले भने, 'हाम्रो योजना भनेको जित्नकै लागि खेल्ने हो, त्यसैअनुसार तयारी भइरहेको छ। बराबरी नै खेल्ने भन्ने सोच हुने छैन।' त्यस्तै प्रशिक्षक किरण चेम्जोङले अवे मैदान भएपनि राम्रो खेल पस्कने बताएका छन्। 'हामी नेपालमा पनि धेरै दर्शकहरूको माझमा खेलिसकेका छौं, यहाँ पनि नेपाली समर्थकहरू त हुनुहुन्छ नै' उनले भने, 'घरेलु मैदान नभएपनि त्यस्तो फरक पर्दैन, हामी खेल इन्जोए गर्नेछौं यहाँ जुन टिमको दर्शकहरू धेरै भएपनि हामीलाई त्यस्तो फरक पर्दैन।'







# शीर्ष नेताको 'विवेकको बिर्को'

-गणतन्त्रवादी पार्टीहरूको शीर्ष नेतृत्वको सामूहिक र स्वैच्छिक बहिर्गमन अहिलेको जनआक्रोशलाई साम्य पार्ने एउटा अचुक उपाय हुन सक्छ । राजावादी आन्दोलनमा भारतको भूमिकाको प्रश्न आफ्नो थैली सुरक्षित राख्न नसक्नेहरूको रोइलो हो, यतिबेला राजावादी र गणतन्त्रवादीहरू दुवै आफ्नो घरेलु मामिलामा भारतलाई तान्ने होडबाजीमा छन् । दुई साताअघि पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं विमानस्थल उत्रिँदा राजसंस्थाको पक्षमा भीड उर्लिएपछि गणतन्त्रवादी शिविरमा गएको कम्पनका तरंगहरू रोकिएका छैनन् । त्यो कम्पनपछि क्रिया-प्रतिक्रियाका अरू सानातिना 'राजनीतिक परकम्प'हरू गइरहेका छन् । एकातिर राजावादीहरू 'निर्णायक आन्दोलन'को माहोल बनाउन प्रयत्न गर्दै छन् भने गणतन्त्रवादी नेतृत्व 'तुच्छ प्रतिक्रिया' मा सीमित भएको छ ।

मुलुक नजानिँदो हिसाबले राजावादी र गणतन्त्रवादी कित्तामा ध्रुवीकृत हुँदै गएको छ । संसद्देखि सडकसम्म, चिया पसलदेखि तारे होटलका रात्रिकालीन भोजहरूसम्म यो ध्रुवीकरणको नियति र भविष्यलाई लिएर अनेक आकलन भइराखेको छ । अझ, कतिपय जानकारले त भारतको नेपाल नीति नै बदलिएको हो कि भनेर आशंका मात्रै गरेका छैनन्, विकसित पछिल्लो घटनाक्रममा उसको परोक्ष भूमिका हुन सक्ने अनुमान पनि गरेका छन् । यो परिप्रेक्ष्यमा मूलतः तीनवटा प्रश्न चासोका केन्द्रमा छन् । पहिलो, के राजावादी शक्तिले दाबी गरेजस्तै 'निर्णायक जनआन्दोलन' होला ? राजावादीले व्यवस्था नै बदल्ने आन्दोलनको आँधीबेहरी ल्याउने ताकत राख्लान् ? दोस्रो, यदि त्यस्तो भएमा प्रतिक्रियात्मक देखिएका गणतन्त्रवादीहरू के गर्लान् ? तीसँग राजावादी आन्दोलन निस्तेज गर्ने बल बाँकी छ ? तेस्रो, आशंका र अनुमान गरिएजस्तै अहिलेको आन्दोलनमा भारतको भूमिका छ/हुन सक्छ ? सुरुमा राजावादी आन्दोलनका कुरा । राजावादी रन्को एक वर्षअघि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले भनेका थिए, 'अब राजावादी र गणतन्त्रवादीहरूबीच वारपारको लडाइँ हुनेछ र दलहरू कोर्स करेक्सनका लागि बाध्य हुनेछन् ।' यो उद्घोष राप्रपाले चैतमै गरेको थियो । त्यो बेला राप्रपाले राजसंस्थाका पक्षमा जुलुस, र्‍याली निकाल्यो, दलका नेताविरुद्ध नाराबाजी लगायो । तर, आन्दोलनले राजा फर्काउने तहको दबाब दिन सकेन र सेलायो । वर्ष दिनपछि पूर्वराजा पोखराबाट काठमाडौं उत्रिँदा उनको स्वागतमा जुन उपस्थिति देखियो, त्यसले शिथिल भएका राजावादीहरू फेरि वारपारको लडाइँ भन्दै आन्दोलनका लागि अग्रसर भएका छन् । यसमा राप्रपाबाहेक अरू असन्तुष्ट र धार्मिक समूहहरू पनि जोडिएका छन् । अझ पञ्चायतको अवसानसँगै निष्क्रिय पुराना पञ्चहरूसमेत उत्साहित हुँदै राजसंस्थाको वकालतमा उत्रेका छन् । राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीको अग्रसरतामा 'संयुक्त जनआन्दोलन'को घोषणा गरिएको छ । घोषणासँगै उनको नेतृत्वलाई लिएर असन्तुष्टि र विवादको बिजारोपण भएको छ । यद्यपि, मुलुकमा गणतन्त्र स्थापना भएपछि राजावादीहरूले पहिलो पटक अनुकूल राजनीतिक माहोल पाएका छन् । पूर्वराजाको उत्साह, राजावादी समूहहरूको दिनहुँका बैठक/व्यस्तता, सामाजिक सञ्जालमार्फत गरिएका अधिकतम प्रचार/प्रोपोगान्डाले राजनीति र समाज तरंगित छ । ऐतिहासिक जनआन्दोलनको बलमा भएको राजनीतिक परिवर्तनपछि मुलुकमा संविधानसभा हुँदै गणतन्त्रको स्थापना भएको थियो । निरंकुश राजशाहीविरुद्ध माओवादी र संसदीय दलहरूको नेतृत्वमा आमजनता सरिक भएपछि जनआन्दोलनको आँधीबेहरी आएको थियो । हिजो जनताले जसरी जनआन्दोलनको आँधीबेहरी सिर्जना गरेर राजसंस्था मिल्काएका थिए, के फेरि तिनै जनता यसको पुनःस्थापनाका लागि आन्दोलित हुन थालेका हुन् ? राजावादी समूहको आह्वानमा जनता फेरि व्यवस्था नै बदल्न तयार होलान् ? अहिले उठेका यी प्रश्नको निरूपण समयक्रमसँगै हुँदै जाला । यद्यपि, यति चाहिँ भन्न सकिन्छ, राजसंस्था गुमेको सत्र वर्षपछि पूर्वराजाको पक्षमा सडकमा देखिएको भीड स्वतःस्फूर्त होइन । यो राजनीतिमा नेतातन्त्र हावी हुँदाको असन्तुष्टिको परिणति हो । त्यो भीडमा राजसंस्थाप्रतिको मोह वा आकर्षणभन्दा धेरै गुणा असन्तुष्टि दलीय नेतृत्वसँग छ । तसर्थ, नेतालक्षित असन्तुष्टि व्यवस्था बदल्ने आधार बनिहाल्छ भन्ने निष्कर्षमा पुग्नु हतारो हुन्छ । राजसंस्था र पूर्वराजाका केही परम्परागत अनुयायीहरू छन् । अवसर, इगो र विभिन्न स्वार्थवश यसको पैरवीमा लागेको व्यक्ति/झुन्डहरू पनि नभएका होइनन् तर व्यवस्था नै बदल्न जुन स्तरको जनमत चाहिन्छ, त्यो इतिहास बनिसकेको राजसंस्थाको पक्षमा छैन । २००७, २०४६ अनि २०६३ सालमा लोकतन्त्रका लागि अभिमत प्रकट गरेका जनताले निरंकुशताको पुनर्उत्थानका लागि उत्रेर उल्टो बाटो तय गर्दैनन् । फेरि, जनआन्दोलनको आँधीबेहरी ल्याउन कम्तीमा दुईवटा कुरा अति आवश्यक हुन्छ ।

नेतृत्व र मुद्दा । पहिलो, आफ्नो नेतृत्वमा 'संयुक्त जनआन्दोलन' गर्ने भनेर अघि सरेका नवराज सुवेदी प्रथम दृष्टिमै अस्वीकृत भएका छन् । स्वयं राजावादीहरू नै उनको नेतृत्वप्रति विश्वस्त नभएको कुरा घोषणासँगै छताछुल्ल भइसकेको छ । जस लिने होड, एकअर्काको नेतृत्व नस्विकार्ने रोगबाट राजावादीहरू पनि ग्रस्त छन् । राजावादी समूहमा दुई खाले धारणा छ । एक थरी सोच्छन्, स्वयं पूर्वराजाले नै जनआन्दोलनको नेतृत्व लिनुपर्छ अनि जनताले साथ दिन्छन् । अर्कोथरीलाई लाग्छ, राजा सडकमा उत्रिनु हुँदैन । जनआन्दोलनका संयोजक सुवेदीले त आफू हुञ्जेल राजालाई सडकमा आउन नदिने उद्घोष गरिसकेका छन् । उनी आफ्नो नेतृत्वमा राजसंस्थाको पुनःस्थापना हेर्न चाहन्छन् । लिङ्देन आन्दोलनको बागडोर आफ्नो हातमा हुनुपर्ने ठान्छन् ।

सांभार : कान्तिपुर ।















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday